स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्माणको तयारीमा रहेको फिल्म 'जनै हराएको बाहुन'मा कलाकारको रोचक 'लाइनअप' तयार हुने क्रम जारी छ। केही दिनअघि अभिनेताद्वय विजय बराल मुख्य भूमिकामा अनुबन्धित गरिएको थियो। अब फिल्ममा थप दुईजना कलाकार जोडिएका छन्। 'साइँली' फेम्ड अभिनेता गौरव पहाडी र 'खजुरे ब्रो' फेम्ड अभिनेता रियर राईलाई निर्माताले अनुबन्ध गरेका हुन्।

आजको विचार...



कलियुग... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दुःखी आत्मा'को केही दिनअघि सार्वजनिक ट्रेलरबाट दर्शक 'सरप्राइज' नै भए। अभिनेता दयाहाङ राईले निभाएको भूमिका। यसमा उनी यौन दुर्बलताको समस्याबाट पीडित पात्रको भूमिकामा देखिएका छन्। उनको भूमिकालाई लिएर सकारात्मक र नकारात्मक दुवै खालका टिप्पणीहरु भइरहेका छन्। तर, दयाहाङलाई उक्त भूमिका गरेकोमा कुनै पछुतो छैन। फिल्म गर्दा यो चिजले अप्ठ्यारो वा गाह्रो पार्छ भन्ने पनि उनले सोचेनन्।

❒ वर्ष ३० ❒ अंक १९७ ❒ २०८१ माघ २७ गते आइतबार 9 February 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### 'युवालाई स्वदेशमै रोक्ने कार्यक्रम ल्याउन आवश्यक छ'

**गुल्मी,** माघ २६/नेपाली काँग्रेसका प्रभावशाली नेता डा.चन्द्र भण्डारीले युवालाई स्वदेशमै रोक्ने कर्यक्रम ल्याउन जरुरी रहेको बताएका छन् । शनिबार तम्घासमा नेपाली काँग्रेस रेसुङ्गा नगर कार्यसमितिको तेस्रो सम्मेलनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

नेता भण्डारीले अहिले देशका युवाहरु विदेश पलायन भइरहेको भन्दै स्वदेशमा युवालाई रोक्ने कार्यक्रमहरु सरकारले ल्याउन जरुरी रहेको उल्लेख गरे । उनले अब भाषणले मात्र देशमा परिवर्तन सम्भव नभएको बताए । नेता भण्डारीले नेताहरुका भाषणले नागरिकले धेरै दुःख पाएको भन्दै भाषणबाट कुनै पनि समस्या समाधान नहुने बताए । बितेका ३४ वर्ष जनताको कुरा संसदमा नउठेको भन्दै अहिले जनताका कुरा आफुले संसदमा उठाउँदै आएको उनले दाबी गरे । समयको परिवर्तनसंगै अहिलेको प्रविधि अनुसार राजनीतिक दल र नेताहरु अपडेट हुन जरुरी रहेको पनि उनले धारणा व्यक्त गरे । कार्यक्रममा काँग्रेसका केन्द्रीय सदस्य चन्द्र बहादुर केसी, लुम्बिनी प्रदेश उपसभापति भुवन प्रसाद श्रेष्ठ, जिल्ला सभापति खिलध्वज पन्थी, जिल्ला सचिव भगतसिंह खड्क, महासमिति सदस्य श्रीप्रसाद भलामी, क्षेत्रीय सभापतिद्वय पारिश्वर ढकाल, चन्द्र बहादुर महत, महिला संघ जिल्ला अध्यक्ष लक्ष्मी पाण्डे लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

# 'भ्रष्टाचारीहरूलाई कारवाही गर्न थालेपछि माओवादी सरकार ढालिएको हो'

## वर्तमान सरकारले भ्रष्टाचारीलाई बचाएको आरोप

कृष्ण पोखरेल

**पाल्पा,** माघ २६/नेकपा माओवादी केन्द्रका बरिष्ठ उपाध्यक्ष एवं पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचारीहरुलाई कारवाही गर्न थोपछि माओवादी सरकार ढालिएको बताएका छन् । तानसेनमा प्रेस सेन्टरले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै श्रेष्ठले यस्तो बताएका हुन् ।

माओवादी नेतृत्वको सरकारले सुशासन कायम गरी भ्रष्टचारलाई न्युनीकरण गर्ने अभियान चालेकै कारण सरकार ढलेको उनले दावी गरे । 'माओवादी सरकारले भ्रष्टाचार नियन्त्रणमा ठोस कदम चालेको थियो । भ्रष्टाचार गर्ने व्यक्तिहरूलाई कारवाही गर्न थालेपछि सरकार ढालिएको हो,' उनले भने । उपाध्यक्ष श्रेष्ठले आफु गृहमन्त्री हुँदा सुशासन कायम गर्न प्रतिवद्ध भएर लागेको पनि उल्लेख गरे । उनले भने, 'आफु गृहमन्त्री रहँदा जो जो जे जे घटनामा संलग्न छन् उनीहरुलाई तथ्यको आधारमा जुनसुकै पद तथा ओहोदामा बसेका, जति सुकै धनी, जुनसुकै पार्टीका व्यक्तिहरुमा पनि प्रहरीलाई अनुसन्धान तथा पक्राउ गर्न स्प्रष्ट अधिकार, निर्देशन तथा अख्तियारी दिइएको थियो , सोही अनुसार सरकार र प्रहरीले इतिहासमा कहिल्यै पनि नभएका, जनताले कल्पना पनि नगरेका ठूला-ठूला भ्रष्टचारका काण्डहरु बाहिर ल्यायो । नक्कली भुटानी श्रणार्थी काण्डमा पनि हामी वर्तमान सत्ताका उच्च पदका व्यक्तिहरुको अनुसन्धान गर्दा गर्दै माओवादी सरकार ढल्न पुग्यो र अनुसन्धान अधुरै रह्यो ।' उपाध्यक्ष श्रेष्ठले वर्तमान सरकार भ्रष्टचारको जगमा उभिएर निर्माण भएको आरोप लगाए । उनले वर्तमान सरकारको आलोचना गर्दै भ्रष्टचारको जगमा उभिएर निर्माण भएको सरकार नजिकका भ्रष्टाचारीलाई बचाउदै सत्ता जोगाउन लागिरहेको बताए ।





राष्ट्रिय सभाका सदस्य समेत रहेका माओवादी बरिष्ठ उपाध्यक्ष श्रेष्ठले वर्तमान सरकारले संसद र जनताको अपमान हुने गरी अध्यादेश ल्याएको पनि बताए । उनले जनता र राष्ट्रहित विपरित अध्यादेशमा कतिपय कुराहरु भएकाले माओवादी लगायत प्रतिपक्षदलहरुको सहकार्यमा अध्यादेश संसदबाट पारित हुन नदिने समेत चेतावनी दिए । माओवादी पार्टीमा रुपान्तरणको आवश्यकता भएकाले जनताले नेताहरुलाई सच्चिन दवाव दिइरहेको अवस्थामा विधि पद्धती, जनताको चाहाना र भावना अनुसार पार्टीलाई क्रान्तीकारी बनाउन आफुहरु जनताको माझमा आएको पनि उनको भनाई छ ।

...बाँकी अन्तिम पेजमा

## सामाजिक सञ्जालको सदुपयोग गरौं

-सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा समाजिक सद्भाव खल्वल्याउन सक्छ,

-सामाजिक सञ्जाललाई सकरात्मक विचार र प्रेरणा फैलाउने माध्यमको रुपमा प्रयोग गरौं,

- अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,

-स्मार्टफोनको अत्यधिक प्रयोगबाट बालवालिकालाई जोगाऔं,

- सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम बनाऔं ।

# पाल्पामै पहिलो पटक 'अन्नपूर्ण स्पा' शुभारम्भ





**पाल्पा,** माघ २६/ पाल्पामा पहिलो पटक 'अन्नपूर्ण स्पा' मसाज सेन्टर सञ्चालनमा आएको छ । अन्नपूर्ण होटलका सञ्चालक तथा पर्यटन व्यवसायी लक्ष्मण बस्यालले तानसेन-३ भगवतीटोलस्थित होटलमा स्पा सञ्चालनमा ल्याएका हुन् ।

स्पाको शनिबार तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । स्पाको उद्घाटन गर्दै नगर प्रमुख श्रेष्ठले तानसेनको पर्यटन विकासमा स्पाले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले ठूलो लगानीमा होटल सञ्चालन गरेका बस्यालले हिम्मतका साथ स्पा सञ्चालनमा ल्याएको भन्दै सेवालाई निरन्तरता दिन आग्रह गरे । मेयर श्रेष्ठले पछिल्लो समय मानिसको स्वास्थ्यका लागि स्पा आवश्यक रहेको उल्लेख गर्दै यसको सेवा लिन सबैलाई आग्रह गरे । होटलले पत्रकार सम्मेलन गरी स्पाको बारेमा जानकारी गराएको छ । होटल तथा स्पा सञ्चालक लक्ष्मण बस्यालले पछिल्लो समय जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्दै गएकाले उनीहरुको सेवालाई मध्यनजर गर्दै सेवा सञ्चालनमा ल्याएको बताए । सञ्चालक बस्यालले श्रीमान श्रमति समेतले यहाँ आएर सेवा लिन सक्ने उल्लेख गरे । उनले करिब २० लाखको लगानीमा 'अन्नपूर्ण स्पा' सञ्चालनमा ल्याइएको बताए । बस्यालले जिल्लाको पर्यटन विकासलाई मध्यनजर गरेर उक्त सेवा सञ्चालनमा ल्याएको उल्लेख गरे । सोल्टी होटलमा लामो समयसम्म काम गरेका अनुभवी प्रशिक्षकहरुबाट सेवा सञ्चालनमा ल्याएको उनले जानकारी गराए । कार्यक्रममा सोल्टी होटलका प्रतिनिधि एवं स्पा परामर्शदाता अशोक कुमार राईले स्पाको बारेमा जानकारी गराएका थिए । उनले स्पा मानव स्वास्थ्यसँग सम्बन्धित विषय भएकाले यसको सेवा लिनाले मानिसको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वास्थ्यमा सुधार हुने बताए । उनले भने' स्पाले शारीरिक स्वास्थ्यका अलावा व्यक्तिमा आनन्द र रिल्याक्सेसन पैदा गर्छ । मसाज थेरापी आफैंमा एक विज्ञान र आयुर्वेदसँग पनि सम्बन्धित भएकाले आजको भागदौड, व्यस्तता र तनावयुक्त समयमा यो विशेष उपचार विधि कहिलएको छ ।' स्पा सेवाको लागि २ हजारदेखि ६ हजारसम्म पर्ने राईले जानकारी दिए । उनले होटलले स्थानीयहरुको लागि भने केही सहुलियत रुपमा सेवा दिन सक्ने समेत उल्लेख गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेना, पाल्पा उद्योग वाणिज्य संघका महासचिव समिरमान सिं, घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका प्रमुख श्यामकुमार पौडेल लगायतले पाल्पामा स्पा सेवा आवश्यक रहेकोमा त्यसको परिपूर्ति गर्न अन्नपूर्ण स्पाले महत्वपूर्ण भूमिका खेल्ने भन्दै व्यवसायिक सफलताको शुभकामना व्यक्त गरे । स्पा सञ्चालक बस्यालको अध्यक्षता, पत्रकार नरायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विषादीविरुद्ध सचेतना जरुरी

पछिल्लो समय मानिसहरुले उत्पादन बढाउने नाममा तरकारी तथा फलफूलमा जथाभावी विषादी हाल्ने गरेका छन् । जसका कारण मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । एकातिर, पर्याप्त सावधानी नअपनाई बालीमा विषादी छर्कदा किसानहरूले विभिन्न स्वास्थ्य समस्या भोगिरहेका छन् भने, अर्कातिर अधिक विषादी प्रयोग गरी फलाइएका, भण्डारण गरिएका र पकाइएका तरकारी/फलफूलमार्फत उपभोक्ताले पनि मन्द रुपमा 'विष' खाइरहेका छन् । यसरी बाली उत्पादक किसानदेखि आम उपभोक्तासम्म प्रताडित बनिरहँदा पनि विषादीको मात्रा घटाउन भने सरकारी तहबाट खासै पहल भएको पाइँदैन ।

थोरै जग्गामा धेरै फलाउने र अधिकतम लाभ लिने अभिप्रायले किसानहरूले विषादीको जथाभावी प्रयोग गरिरहेकै छन् । धेरै किसान खेतीबालीमा लाग्ने रोगकीरा हटाउन कृषि प्राविधिकको होइन, बीउबिजन र कीटनाशक औषधि बेच्ने स्थानीय पसलेको भर पर्छन् । विषादीको मात्रा तथा मापदण्डबारे मात्र होइन, त्यसको नाम-कामबारे पनि राम्ररी जानकारी नभएका किसानहरूले छर्कने क्रममा सुरक्षा सावधानी पनि अपनाउँदैनन् । कतिले त नाकमुखसमेत नढाकी विषादी छर्किन्छन्, हातमा पञ्जासम्म लगाउँदैनन् । यही कारण कति किसान क्यान्सरजस्ता नसर्ने तर घातक रोगबाट पीडित बन्न पुगेका छन् । सर्वसाधारणको जीवन जोखिममा परिरहेको अवस्थामा सरकार गम्भीर हुनुपर्नेमा त्यस्तो भएको पाइँदैन । कृषि बालीमा विषादीको प्रयोग नै नगर्ने भन्ने हुँदैन । तर, नेपालमा त्यसको प्रयोग विधि र बजारमा पठाउने प्रविधि निकै कमजोर छ । विकसित देशमा पनि विषादीको प्रयोग नहुने होइन तर त्यसलाई कसरी कम असर पार्ने तुल्याउने भन्नेमा त्यहाँका किसानदेखि उपभोक्तासम्म सचेत छन् । तर नेपालमा उपभोक्तालाई व्यापक रुपमा विषादीयुक्त तरकारी चिन्ने, त्यस्तो विषादीयुक्त तरकारी कसरी विषादीरहित पार्ने जस्ता कुराको सचेतना नहुँदा विषादीको प्रयोग बढ्दो छ । विषादीको प्रयोग कम गराउन उपभोक्तास्तरबाटै सचेतनाका कार्यक्रमहरु ल्याउन आवश्यक छ । यसर्थ विषादीविरुद्ध आम उपभोक्तालाई सचेतना जगाउन सकियो भने विषादीको प्रयोग कम गर्न सकिन्छ ।

## Opinion @ Social Network

आज जुत्ता लगाउने हैसियत भयो भन्दैमा,
हिजो भुइँमा टेकिएको त्यो खाली खुट्टोलाई बिर्सनु हुदैन ।
*(मोहन थापाको फेसबुक स्टाटस https://www.facebook.com/Mohan.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कलियुग आएको हो र ?



डा. गणेशप्रसाद घिमिरे

*हाम्रा शास्त्रले दिएका मान्यतामा आफूलाई तरोताजा बनाउन चाहन्छ । आफ्ना पितृको उद्दार चाहन्छ । यजमानका पितृको उद्दारमा खटिने व्यास भने शास्त्रको ज्ञाता हुनु अनिवार्य मानिन्छ । नृत्य गराएर शास्त्रको व्याख्या हुँदैन । त्यसैले सोचौँ । अध्ययन गरौँ । मनन गरौँ । शास्त्रका बारेमा जानकार बनौँ र व्यासपीठबाट उपदेश दिने गरौँ । सामान्य जानकारीका भरमा पुराण वाचक बनेर विभिन्न उपाधिबाट अलङ्कृत भएको ढोङ रचेर शास्त्रको अपव्याख्या नगरौँ । हाम्रा शास्त्रले मानिसलाई मोक्षको स्थानमा पुऱ्याउन सक्छन् ।*

सनातन परम्परामा चार युगको चर्चा पाइन्छ । यी चार युगमा अनेक प्रकारका धर्मलाई स्थापित गर्ने भगवान्का अवतारहरू भए । ती अवतारले धर्मको रक्षा र अधर्मलाई नाश गरेका थिए । यही थियो मानव मान्यता पनि । गतिशील बनेको जीवनलाई र मानव सभ्यतालाई शास्त्रले अघि बढाएको हुन्छ । सनातन परम्पराका केही मान्यता आफ्नै छन् । ती मान्यतालाई हामी नेपाली सनातनीले अक्षरशः पालन गर्नुपर्ने देखिन्छ । यही आधारमा हाम्रो परम्पराले जीवन्तता पाएको हुन्छ । शास्त्रको पहिचान तिनको व्याख्यामा निहित रहेको पाइन्छ । शास्त्र कहिल्यै पनि असत्य हुन सक्दैन । शास्त्रमा बताइएका सबै कुरालाई मान्न सकिन्छ भन्ने आधार पनि छैन तर शास्त्रको अपव्याख्या र शास्त्रसम्मत तरिकाले जीवनको व्याख्या शास्त्रीय मान्यता हो । यो मान्यता कुल्चेर अघि बढ्ने व्यक्ति शास्त्रको मर्यादापालक हुन सक्दैन । यही मान्यतामा अडेको हाम्रो सनातन परम्परामा उपलब्ध शास्त्रको अपव्याख्या नै आजको समाजको ध्येय बनेर देखिएको छ । शास्त्रको व्याख्यालाई जीवनको मोडमा बाहिर ल्याउने आधार हो अध्ययन हो । अध्ययनका माध्यमबाट शास्त्रको सही व्याख्या आजको समाजले गर्न सकेन । शास्त्रमा भएका सन्दर्भलाई अपव्याख्याका माध्यमबाट जनसामु ल्याउने र शास्त्रलाई समेत मागी खाने भाँडो बनाउने पद्धति आजको समाजमा देखिएको अस्वस्थता पनि हो । यही अस्वस्थतामा रमेको छ समाजको सामाजिक व्यवस्था । मानिसको भावना उसको पहिचानसित जोडिएको छ । आज मानिसले आफ्नो पहिचानलाई नै समाप्त पारेको देखिन्छ । त्यसैले आजको समाज कलियुगमा रमेको छ । शास्त्रको व्याख्यालाई अपव्याख्याको माध्यमबाट बाहिर ल्याएको छ । यसैमा रमेको छ समाज पनि । आजको समाजलाई गतिशील तुल्याउने आधारमा रमेको यो समाजलाई सही दिशानिर्देश गर्ने आधार हुन् हाम्रा धर्मशास्त्र ।

**कलियुग :** माघ महिनाको शुक्लपक्षको पूर्णिमा तिथि शुक्रबारका दिन कलियुगको आरम्भ भएको हो । यो युगको समय चार लाख बत्तीस हजार वर्ष मानिएको छ । आज कलियुगको समयमा देखिएको शास्त्रको अपव्याख्याले हामी सनातनीलाई गिज्जाइरहेको छ । कलियुगको सन्दर्भलाई लिएर श्रीमद्भागवत पुराण भन्छ : अवृत्यान्यायदौर्बल्यं पाण्डित्ये चापलं वच जो धन खर्च गर्न वा घुस दिन सक्दैन उसले न्यायालयबाट न्याय पाउँदैन । बोलचालमा जो व्यक्ति चलाख छ उसलाई नै सबैभन्दा ठूलो पण्डित मानिनेछ । यो भागवत पुराणको बाह्रौँ स्कन्धको दोस्रो अध्यायको चौथो श्लोक हो । यो पद्यले भनेको कुरा आजको समाजमा सत्य सावित भएको छ । यो सत्यलाई आजको मानिसले अथवा भनौँ हामी गणतन्त्रवादीले अस्वीकार गर्न सक्दैनौँ । मानिस आज आफूलाई केन्द्रमा राखेर अघि बढेको छ । समाजका सामाजिक संरचना जसले हामीलाई र हाम्रा परम्परालाई बाँधेका छन् तिनलाई भत्काउन आजको मानिस उद्दत देखिएको छ । हाम्रो समाजको सामाजिक संरचना 'वसुधैव कुटुंवकम्' संसारमा रहेका सबै प्राणी मेरा आफन्त हुन् । पिता, माता, गुरु र अतिथिलाई देवता मान्ने परिस्थितिमा विद्यमान् रहेको समाज हो । आज यो समाजको सामाजिक संरचना भत्किएको छ । मानिस नितान्त आफ्नो स्वार्थमा केन्द्रित देखिएको छ । यो अवस्था आउनुमा हामी समयको माग भनेर तर्किने अवस्थामा छैनौँ । समय परिवर्तनशील छ । समयसित समाजका यावत् कुराहरू परिवर्तनको अवस्थामा रहेका हुन्छन् । यो पनि सत्य हो । त्यो सत्यसित गतिशील हुने मानिसको भावनामा परिवर्तन किन आयो ? यो नै आजको मानिससित भएको मुख्य समस्या हो । यही समस्यासित जुधेको छ आजको समाज पनि ।

***दाक्ष्यं कुटुम्बभरणं यशोऽर्थे धर्मसेवनम्***

चतुरता नै योग्यताको सबैभन्दा ठूलो लक्षण हुनेछ भने मानिस आफ्नाको पालनमा सदा समर्पित रहनेछ । यसका साथै यशको प्राप्तिका लागि मानिसले धर्मको सेवन गर्नेछ । यो आजको समाजको सामाजिक संरचना हो । यही संरचनामा बाँचेको छ आजको मानिस । यो पुराणमा वर्णन गरिएको कलियुगको सामान्य लक्षण हो । यही समाजमा बाँचेका छौँ हामी । यो समाज हो आजको समाज तर मानिसले आफूलाई मात्र चिनेको छ । आफन्तलाई चिनेको छ । आफन्तमा पनि पितामातालाई आजको मानिसले चिनेको छैन । यही हो आजको समाजको परिवेश पनि । आजको मानिस आफूले गरेको धर्मलाई पनि प्रचारका माध्यमबाट बाहिर ल्याउने प्रयासमा लागेको छ । धनआर्जनको ध्येय नै आजको समयमा धर्म बनेको देखिएको छ । यस्तो अवस्था आउनुमा कलियुग कारण हो । हाम्रा परम्परा र हाम्रो सनातन अव्याख्येय छ । व्याख्या गर्न नसकिने अवस्थामा छ । शास्त्रले भनेका सबै सन्दर्भ र तिनले दिने आधार आजको मानिसका लागि मानवीय सन्दर्भले भरिएका छन् । तिनको अपव्याख्यामा आजको समाज रमेको छ । रमाउनु मानिसको कर्म हो तर रमाउने सन्दर्भमा हाम्रा परम्परालाई नै अपव्याख्या गरिन्छ भने त्यो रमाउनुलाई रमाउनु भनिँदैन । यही अपव्याख्यालाई रोक्नु आजका सनातनीको सबैभन्दा ठूलो चुनौती हो ।

**अपव्याख्या नगरौँ :** शास्त्र व्याख्यायित हुन्छ । शास्त्रको व्याख्यामा अध्ययनलाई प्राथमिकतामा राखिएको हुन्छ । शास्त्र र पुराणको व्याख्या पनि शास्त्रसम्मत हुनु अनिवार्य मानिएको छ । आजको समाजका मानिस सामाजिक कार्य र धर्मकर्ममा विश्वासले भरिएका छन् । धर्मप्रति आस्था नभएको पनि होइन तर आस्थाका पर्खाललाई भत्काउने तरिकाले गरिने व्याख्याले शास्त्रको ढाड भाँचिएको छ । शास्त्र र पुराणको व्याख्या गर्ने आधारमा सबैभन्दा पहिले अध्ययन हो । तीन महिने अध्ययनबाट व्यासपीठमा बसेर प्रवचन गर्नुलाई पक्कै पनि गतिलो मान्न सकिँदैन । हाम्रा हरेक पुराण व्याख्यायित छन् । व्याख्यालाई प्रवचनको माध्यममा ढाल्नु नराम्रो होइन तर प्रवचन गर्ने व्यक्ति वा व्यासपीठमा विराजमान हुने व्यक्ति भने अध्ययनको फराकिलो फाँटमा विचरण गरेको हुनुपर्दछ । स्मृतिशास्त्रको जानकार, विभिन्न पुराणको अध्ययनकर्ता, रामायण, महाभारत र गीताको ज्ञाता हुनु अनिवार्य मानिएको छ । भागवत् पुराणमा नै वक्ताको परिचयलाई यसरी उल्लेख गरिएको छ

***विरक्तो वैष्णवो विप्रो वेदशास्त्रविशुद्धिकृत दृष्टान्त कशलो धीरो वक्ताकार्योऽतिनिःस्पृह ।।***

वेदको स्पष्ट व्याख्या गर्न समर्थ, विभिन्न दृष्टान्तबाट सम्झाउन सक्ने क्षमता भएको, विवेकी, विष्णुको भक्त र ब्राफमण नै व्यासपीठमा आसीन हुने अधिकारी हो । पुराणले वक्ताको निर्णय स्पष्ट रूपमा गरेको छ । यही हो पुराणका अनुसार व्यासपीठमा बस्ने अधिकारी पनि । आजको समाजमा यस्तो अवस्था देखिएन । अठार पुराण र अठार उपपुराणको सङ्ख्या उल्लेख गरिएको छ । आजको समाज श्रीमद्भागवत महापुराणमा विश्वास गर्दछ । श्रीमद्भागवत महापुराणलाई मोक्षशास्त्र पनि मानिएको छ । मृत्यु भयबाट मुक्त गराउन सक्ने आधार उक्त महापुराणमा रहेको छ । उक्त पुराणले अभिमन्युपुत्र परीक्षितलाई मृत्यु भयबाट मुक्त गरेको थियो । उक्त पुराणका वक्ता शुकदेव थिए भने श्रोता हस्तिनापुरका नरेश परीक्षित थिए । आज आएर यो पुराण लोकप्रिय पुराण बनेको छ । संस्कृत शिक्षा नपाएको, औपचारिक रूपमा शिक्षा नपाएको व्यक्ति पनि आज श्रीमद्भागवतको वाचक बनेर व्यासपीठमा बसेको देख्दा अनौठो लाग्दछ ।

**सामान्यतः** दुई वा तीन महिना वा वर्ष दिनमा श्रीमद्भागवत महापुराणको अध्ययन गर्न सम्भव छैन । संस्कृत व्याकरणको अध्ययन नगरेको, श्लोकको पदविच्छेद गर्न नसक्ने अवस्थामा भागवतको व्याख्या सम्भव पनि छैन । आज अग्लो आसन जमाएर भागवत पुराणको वाचन गरेको सुन्दा पुराणको नै अपव्याख्या भएको देखिन्छ । एउटा श्लोक उच्चारण गर्न नसक्ने उच्चारण गरे पनि दश स्थानमा गल्ति गर्ने प्रवृत्तिले आज पुराणको अपव्याख्या भएको अड्कल काट्न सकिन्छ । शास्त्रलाई मनन गरौँ । शास्त्रमा दिइएका पद्यको सही व्याख्या गरौँ । शास्त्रलाई नाचेर मनोरञ्जनको साधन नबनाऔँ ।

मानिस आस्थामा विश्वास गर्दछ । हाम्रा शास्त्रले दिएका मान्यतामा आफूलाई तरोताजा बनाउन चाहन्छ । आफ्ना पितृको उद्दार चाहन्छ । यजमानका पितृको उद्दारमा खटिने व्यास भने शास्त्रको ज्ञाता हुनु अनिवार्य मानिन्छ । नृत्य गराएर शास्त्रको व्याख्या हुँदैन । त्यसैले सोचौँ । अध्ययन गरौँ । मनन गरौँ । शास्त्रका बारेमा जानकार बनौँ र व्यासपीठबाट उपदेश दिने गरौँ । सामान्य जानकारीका भरमा पुराण वाचक बनेर विभिन्न उपाधिबाट अलङ्कृत भएको ढोङ रचेर शास्त्रको अपव्याख्या नगरौँ । हाम्रा शास्त्रले मानिसलाई मोक्षको स्थानमा पुऱ्याउन सक्छन् । ब्रफमरात (शुकदेव) जस्तो वक्ता र विष्णुरात (परीक्षित) जस्तो श्रोता अनिवार्य मानिएको छ । शास्त्रको अपव्याख्या भनेको शास्त्रलाई बलात्कार गर्नु हो । शास्त्रको अपव्याख्या नगरौँ । अध्ययन गरौँ । एक वर्ष वृन्दावनमा बसेर गरिएको अध्ययनले पुराणवाचक बन्न सकिँदैन । यो सत्य हो । यो सत्यबाट नभागौँ । अध्ययनलाई प्राथमिकतामा राखौँ । यो आलेखको उद्देश्य कसैलाई चोट पुऱ्याउनु होइन । धार्मिक टेलिभिजनबाट श्रवण गरिएका विभिन्न भागवतवाचकले गरेका शास्त्रको व्याख्यालाई आधार मानेर लेखिएको हो । आस्था, विश्वास र श्रद्धामा चोट पुऱ्याउने उद्देश्य पनि होइन । शास्त्र, पुराण, स्मृति आदिको अपव्याख्याले समाज दिग्भ्रमित नहोस् भन्ने उद्देश्य हो । शास्त्रको व्याख्यामा गरिएका यी आधार नै कलियुग हो कि ? भन्ने भावलाई बाहिर ल्याइएको मात्र हो । कलियुगमा बाँचेर पनि शास्त्रको व्याख्यालाई भावनासित जोडेर होइन शास्त्रवचनसित जोडेर हेरौँ । यही कामना । अस्तु ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुको कुरा सुन्न उपयुक्त रहनेछ। घरको सजावटमा धन खर्च हुनेछ। | **तुला** : सकारात्मक रहने प्रयास गर्नुहोला। विचारहरूमा परिवर्तन आउनेछ। |
| **वृष** : चनात्मक कार्यमा चासो लाग्नेछ। शुभचिन्तकहरूबाट प्रशंसा पाइएला | **वृश्चिक** : धोखा मिल्नेछ । सम्पर्क क्षेत्र बढ्नाले दिगो फाइदा हुनेछ। |
| **मिथुन** : आर्थिक कारोबार अनुकूल र हनेछ। योजनाहरू समय अनुसार पूरा हुनेछन्। | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : नन्दको समय बित्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मकर** : शुभारम्भको चर्चा चल्नेछ । ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : लेनदेनबाट छुट्कारा मिल्नेछ। नोकर वा पेशामा सरुवा हुने भय रहनेछ। | **कुम्भ** : गरिएको यात्राबाट लाभ मिल्नेछ। परिवारको सुख समृद्धिमा वृद्धि हुनेछ। |
| **कन्या** : मनमुटाव सुल्झिनेछ।अवसर बाट पूरा लाभ लिने प्रयास गर्नुहोस्। | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

# कृषि

## भारतबाट गहुँ आयात गर्न ५८ फर्म इच्छुक

भारतबाट नेपालले ९० हजार टन गहुँ आयात तयारी गरेको छ । यसका लागि ५८ फर्मले इच्छा देखाएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जनाएको छ । विभागले २० माघसम्मको समय राखेर आपूर्तिकर्ताबाट प्रस्ताव माग गरेको थियो । तोकिएको कोटाभित्र रहेर गहुँ आयात गर्न ती फर्मले आवेदन दिएका हुन् । विभागका अनुसार ती फर्मले न्यूनतम २ सय टन र बढीमा १० हजार टनसम्म गहुँ आयात गर्न पाउने छन् । गहुँ आयातका लागि नेसनल कोअपरेटिभ एक्स्पोर्ट्स लिमिटेडलाई शतप्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तीय स्रोत सुनिश्चितता भएको हुनुपर्ने, कम्पनीले माग गरेका आधारमा प्राप्त कोटा विभागबाट अघिल्लो वर्ष आवेदक कम्पनीले राजस्वमा गरेको योगदान र खाद्यान्न आयातमा अनुभव भएकालाई गहुँ आयात गर्न सक्ने क्षमताका आधारमा प्राथमिकता दिई बाँडफाँट गरिने विभागले जनाएको छ । कोटा प्राप्त भएको मितिले तीन महिनाभित्र आयात गरिसक्नुपर्ने छ भने अनुमति प्राप्त



गरेका कम्पनीले गहुँ आयात गर्न नसक्ने भए अनुमति पाएको मितिले १५ दिनभित्र विभागलाई जानकारी दिनुपर्ने छ । त्यसैगरी गहुँ आयात गर्दा कानुन बमोजिम गुणस्तर मापदण्ड पालना गर्नुपर्ने, आयातित गहुँको मौज्दात, मूल्य, गुणस्तर र बिक्री विवरण साप्ताहिक रूपमा विभागमा पेस गर्नुपर्ने र अनुगमन विभागले गर्ने सूचनामा उल्लेख छ ।

*-अनलाइन खबर डटकम*

## गाउँले सहरमा वन्यजन्तु बस्तीमा

बागलुङको ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरी सहरबजार झर्नेको सङ्ख्या ठूलो छ । सेवासुविधा र अवसरका कारण बसाइँ सर्दा गाउँ रित्तो बन्दै छन् । वनमाराले खेतबारी ढपक्कै ढाकिएका छन् । वरपरका रूखबिरुवा बढेर गाउँ नै छेकिन थालेको छ । युवा शक्ति विदेश र बालबालिका बजार झर्दा बागलुङका ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक मात्रै बाँकी छन् । दशक अगाडिसम्म रमाइला गाउँबस्ती अचेल रित्तिएर उराठलाग्दा छन् । झाडी पलाएर बाटो ढाकिएका छन् । घरसम्म झाडी पलाएपछि अहिले गाउँमा वन्यजन्तुको आतङ्क बढ्दै गएको छ । घरमै बाँदर, ब्वाँसो र स्याल आएर दुःख दिन थालेपछि स्थानीय त्रसित छन् । जिल्लाको गलकोट, जैमिनी, काठेखोला र बरेङका अधिकांश गाउँमा बाँदर आतङ्क बढी छ । बाँदरले करेसाबारीमा लगाएका तरकारीदेखि बारदलीमा झुन्ड्याएर राखिएका सामान नष्ट गरिदिने गरेको जैमिनी नगरपालिका-५ का कुलबहादुर थापाले बताए । गाउँमा जनसङ्ख्या कम हुँदै जाँदा बाँदर आतङ्क भने बढ्दै गएको उनको भनाइ छ । पहिले जङ्गलमा मात्रै भेटिने बाँदर, स्याल र अन्य हिंस्रक जन्तु हिजोआज घरमै आएर सास्ती दिने गरेको थापाले दुःखेसो पोखे । 'गाउँमा वन्यजन्तुले धेरै दुःख दिन थाले, बारीमा लगाएको तरकारीदेखि खाद्यबाली बाँदरले सखाप पारिदिन्छ, गोठमा पालेको गाई, बाख्रा र पाठापाठी ब्वाँसोले खाइदिन्छ,' उनले भने, 'कुन बेला मान्छेलाई नै आक्रमण गर्छ भन्ने चिन्ता बढेको छ । यो समस्या बढ्दै गएको छ, बसाइँसराइ गरेर जाने त गइहाल्छन्, गाउँमा बस्नेलाई त सरकारले जोगाइदिनु दिनुपर्‍यो । काठेखोला गाउँपालिका-५ का नन्दराम कँडेलले वन्यजन्तुले बालीनाली खाई दिने र पशुचौपाया मारी दिँदा बर्सेनि लाखौँको नोक्सानी बेहोर्नुपरेको गुनासो गरे । हरेक वर्ष गाउँबाट बागलुङ बजार, पोखरा, काठमाडौँ र चितवन बसाइँसराइ हुने र वन्यजन्तु भने गाउँ पस्ने समस्यालाई रोक्न सरकारले ध्यान दिनुपर्ने र बसाइँसराइ गरेर जानेले घरबारीलाई बाँझो राख्न नपाइने नीति



*गाउँमा जनसङ्ख्या कम हुँदै जाँदा बाँदर आतङ्क भने बढ्दै गएको उनको भनाइ छ । पहिले जङ्गलमा मात्रै भेटिने बाँदर, स्याल र अन्य हिंस्रक जन्तु हिजोआज घरमै आएर सास्ती दिने गरेको थापाले दुःखेसो पोखे । 'गाउँमा वन्यजन्तुले धेरै दुःख दिन थाले, बारीमा लगाएको तरकारीदेखि खाद्यबाली बाँदरले सखाप पारिदिन्छ, गोठमा पालेको गाई, बाख्रा र पाठापाठी ब्वाँसोले खाइदिन्छ,' उनले भने, 'कुन बेला मान्छेलाई नै आक्रमण गर्छ भन्ने चिन्ता बढेको छ । यो समस्या बढ्दै गएको छ, बसाइँसराइ गरेर जाने त गइहाल्छन्, गाउँमा बस्नेलाई त सरकारले जोगाइदिनु दिनुपर्‍यो । काठेखोला गाउँपालिका-५ का नन्दराम कँडेलले वन्यजन्तुले बालीनाली खाई दिने र पशुचौपाया मारी दिँदा बर्सेनि लाखौँको नोक्सानी बेहोर्नुपरेको गुनासो गरे । हरेक वर्ष गाउँबाट बागलुङ बजार, पोखरा, काठमाडौँ र चितवन बसाइँसराइ हुने र वन्यजन्तु भने गाउँ पस्ने समस्यालाई रोक्न सरकारले ध्यान दिनुपर्ने र बसाइँसराइ गरेर जानेले घरबारीलाई बाँझो राख्न नपाइने नीति ल्याउनुपर्ने उनको भनाइ छ ।*

ल्याउनुपर्ने उनको भनाइ छ । गाउँमा विकास हुँदै गए पनि धेरैले सहर रोज्दा गाउँमा वन्यजन्तुको आतङ्क बढ्न थालेको कँडेलले बताए । उनले भने, 'हामीहरू धेरै पीडित बन्यौँ, न गाउँ छोडेर बजार जान सक्छौँ, न गाउँमा ढुक्कले बस्न सकेका छौँ । यसतर्फ राज्यले ध्यान दिनुपर्‍यो, गाउँमा सबै ठीक छ, वन्यजन्तु व्यवस्थापन रोक्न सके हामी यहीँ खुसी छौँ ।

*-रासस*

## आयातित तेलको सहजताले कृषकले गर्नै छाडे तिलखेती



पहिले पहिले गाउँघरमा सहजै पाइने कालो तिल अहिले लोप हुने अवस्थामा पुगेको छ । स्थानीयस्तरमा तेल निकाल्ने परम्परागत विधिहरू हराउँदै जाँदा र बजारमा आयातित तेल सहजै पाइन थालेपछी तिल खेती तिर कृषकहरु उत्साहित नहुँदा कालो तिल लोप हुँदै गएको हो । गाउँका वृद्धवृद्धाका अनुसार पहिले महिलाहरू ढुङ्गाको दुनेरी प्रयोग गरी तेल निकाल्ने गर्थे तर अहिले यो परम्परागत विधि हराउँदै गएको छ । आधुनिक प्रविधिको प्रयोग र बाहिरी तेलको सहज उपलब्धताले गर्दा स्थानीय उत्पादन घट्दै गएको स्थानीय कृषक लाप्से बिक बताउनु हुन्छ । 'पहिले हरेक घरमा तिल खेती गरिन्थ्यो, अहिले न त खेतबारी बाँकी छ, न त पुरानो परम्परा । बजारमा सहजै पाइने तेलले हाम्रो परम्परागत खेती नै विस्थापित भइसकेको छ,' स्थानीय बासिन्दा झुप्री नेपालीले भनिन् । कालो तिल पुजा आजाका साथै शरिरमा मालिस गर्न र खानलाई अधिक मात्रामा प्रयोग हुने भएकाले तिल खेती नगर्ने सायद कोहि हुदैन थिए तर अहिले बजारमा आयातित खानेतेल सहजै पाउन थालेपछि मानिसहरुले तिलखेती गर्न नै छोडे, स्वास्थ्यका हिसावले घर मै उत्पादन गरेको तेलको फाइदा भनेर साध्य छैन तर पनि सहज उपलब्धता खेतीको झन्झट नहुने भएपछी फाइदा बेफाइदा नहेरी आयातित खानेतेल तर्फ मानिसहरु आकर्शित भएका छन् । केही वर्ष पहिला सहजै पाइने कालो तिल अहिले पाउनै मुस्किल छ । गाउँघरमा विहावारी, वर्तबन्ध, घरपुजा र विभिन्न धार्मिक कार्य पर्दा पुजा गर्न, होम गर्न तिल, जौको आवश्यकता पर्छ । अहिले कालो तिल नपाउँदा यी कार्यहरु गर्न कठिनाइ हुने गरेको र ब्राह्मणले आफै पहिल्यै कालो तिलको जोहो गरेर पुजा आजामा जानू पर्ने बाध्यता रहेको ब्राह्मण लक्ष्मी प्याखुरेल सुनाईन् । फाँटका फाँट तिलको मात्र खेती नगरिए पनि अन्य अन्नबालीहरुको विच विचमा तिल लगाउने गरिन्थ्यो । यसरी लगाइएको तिल पाकेपछि सुकाएर दाना झारिन्थ्यो र परम्परागत दुनेडिको प्रयोग गरि तेल निकालिन्थ्यो । विशेष गरी पहाडी र हिमाली भेगमा परम्परागत रूपमा तेल निकाल्ने चलन रहेको भए पनि हाल यो प्रवृत्ति हराउँदै गएको छ । सरकारले स्थानिय तेलबाली प्रवर्द्धन गर्न पहल नगरेको र आयातित तेलमाथि निर्भरता बढेको कारण परम्परागत कालो तिल खेती लोप हुने अवस्थामा पुगेको विज्ञहरूले बताएका छन् । स्थानिय उत्पादन प्रवर्द्धन गर्न सरकारको ध्यान जानु आवश्यक रहेको किसानहरूको माग छ । यदि समयमै उचित नीति ल्याइएन भने स्थानीय उत्पादनहरू पूर्ण रूपमा हराउने चिन्ता ब्यक्त गरिएको छ ।

*्-इहिमालय टाइम्स डटकम*

## उजाडिएको गाउँमा १४० रोपनी क्षेत्रमा ओखर खेती

बागलुङ नगरपालिका-९ दुर्लेनीका किसानले झाडी फाँडेर ओखर खेती गर्न थालेका छन् । १५ वर्षदेखि खेती हुन छाडेको बाँझो जमिनको सदुपयोग गरि स्थानीयले ओखर खेती गर्न थालेका हुन् । दशक अगाडि गाउँका स्थानीयले खेतीपाती गर्ने बारी बसाइँसराइपछि बाँझोमा परिणत भएको थियो । बाँझो जमिनलाई कृषक समूहले मेसिन लगाएर सम्याई ओखरका विरुवा लगाएका छन् । दुर्लेनी सामुदायिक कृषि तथा जडिबुटी समुहमार्फत ओखर खेती सुरु गरेको समुहका अध्यक्ष देवबहादुर खड्काले जानकारी दिए । बसाइँसराइका कारण उजाड बनेको गाउँमा झाडीले ढाकेको जमिनको उपयोग गरि आयआर्जनसँग जोडिन ओखर खेती गरेको उनको भनाइ छ । १७ जना युवाले थालेको ओखर खेती राम्रो हुँदै गएपछि गाउँका अन्य स्थानीय पनि आकर्षित भएका छन् । अध्यक्ष खड्काका अनुसार हाल १४० रोपनी जग्गामा दुई हजार २०० ओखरका विरुवा लगाइएको छ । विरुवा हुर्किंदै गएपछि किसानहरु उत्साहित भएका छन् ।



ओखर खेतीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले पनि सहयोग गरेको छ । हालसम्म किसानको रु १४ लाख र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले रु १० लाख अनुदान गरि रु २४ लाख लगाइ भइसकेको समूहका अध्यक्ष खड्काको भनाइ छ । उनले भने - "लामो समय गाउँका खेतीयोग्य जमिन झाडीले ढाकिएको थियो, १५/१७ वर्ष अगाडि अन्न बाली फल्ने ठाउँलाई फेरि एक पटक उर्वर बनाउँ भन्ने हिसाबले लागेका छौँ, अहिले ओखरको विरुवा हुर्कि रहेका छन्, उत्पादन दिन थाल्यो भने यहाँबाट राम्रो आम्दानी हुने अपेक्षा गरेका छौँ, लगानी पनि निरन्तर गरि रहेका छौँ ।" प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङका प्रमुख नारायण पौडेलले उर्लेनी क्षेत्र ओखर खेतीका लागि उपयुक्त हावापानी रहेको र किसानले माग गरे अनुसार अनुदान उपलब्ध गराएको बताए । उक्त ठाउँमा हाल १४० रोपनी क्षेत्रफलमा विरुवा लगाए पनि अझै क्षेत्र विस्तार गर्न सकिने उनको भनाइ छ । ओखर खेतीबाट राम्रो आम्दानी गर्न सकिने हुँदा किसानको जीवनस्तरसमेत उकास्न सकिने प्रमुख पौडेल बताए । "परियोजनाले कश्मीरी लोकल र थिन्सेल जातको बिरुवा सिफारिस गरेको थियो, उनिहरुले बैतडीबाट विरुवा ल्याएर लगाएका छन्, विरुवा हुकिएका छन्," प्रमुख पौडेलले भने - "आगामी वर्ष थप सहयोग गर्ने योजना बनाएका छौँ, प्राबिधिक र प्रबिधि सहयोग निरन्तर हुन्छ, उनिहरुले निकै मेहेनत पनि गरेका छन् ।"

*-रासस*

# मोहन कन्या माविले भदौमा हिरक महोत्सव मनाउने

भरत शर्मा

**पाल्पा,** माघ २६/पश्चिम क्षेत्रकै एक मात्र कन्या मन्दिरको रुपमा रहेको तानसेनस्थित मोहन कन्या माविले आगामी भदौ १६ गते ७५ औं वार्षिकोत्सव हिरक महोत्सवको रुपमा मनाउने भएको हो ।

२००७ सालमा तत्कालिन गभर्नर मोहन शम्सेरले आफ्नो नामबाट स्थापना गरेको मोहन कन्या माविले विभिन्न कार्यक्रमको आयोजना गरि हिरक महोत्सव मनाउने तयारी गरेको विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले बताए ।

महोत्सवका लागि १००१ मूल आयोजक समिति गठन गरी राष्ट्रिय, प्रदेश, जिल्ला र नगरस्तरीय कार्यक्रम आयोजना गरिने उनले जानकारी दिए । विद्यालयले पूर्व प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन सामिति, जनप्रतिनिधी लगाएत शिक्षासँग सम्बन्धित सरोकार निकायको भेला गराई हिरक महोत्सवको तयारी बारे सुझाव समेत लिएको छ ।



भेलामा सविधान सभा सदस्य नारायणी शर्मा, तानसेन नगरपालिकाका पूर्व नगरप्रमुख अशोक कुमार शाही, पूर्व प्रधानाध्यापक देव प्रसाद बज्राचार्य, केशरलक्ष्मी श्रेष्ठ, द्वारीका प्रसाद शर्मा, पूर्व व्यवस्थापन समितिका अध्यक्ष ओमबहादुर घर्ती, दिपक ढुंगना, जनप्रतिनिधि सिता बस्नेत, शिक्षाप्रेमी रामलाल श्रेष्ठ, सौन्दर्यवती शाक्य, सकुन्तला बज्राचार्य, बसन्त जिआर, पत्रकार भरत शर्मा लगायतले गौरवमय इतिहास बोकेको विद्यालयले भव्य रुपमा हिरक महोत्सव मनाई राष्ट्रिय पहिचान कायम गर्न सुझाव दिएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान प्रसाद श्रेष्ठले सबैका सुझावहरुलाई आत्मसाथ गर्दै हिरक महोत्सव मनाइने भन्दै सहयोग गर्न सबैलाई आग्रह गरे । कार्यक्रममा शिक्षकहरु रिना श्रेष्ठ र चोलप्रसाद अर्यालले विद्यालयमा सञ्चालन हुने गरेका गतिविधिहरुका बारेमा जानकारी गराएका थिए ।

## खेलकुद समाचार

# एनआरटीले जित्यो 'बुढासुब्बा गोल्डकप'



**काठमाडौं,** माघ २६/चर्च ब्वाइज युनाइटेडलाई हराउँदै न्यूरोड टिम (एनआरटी) क्लबले बुढासुब्बा गोल्डकप फुटबलको उपाधि जितेको छ । धरान रङ्गशालामा शनिबार भएको फाइनल खेलमा एनआरटीले चर्च ब्वाइजलाई २-१ गोलले हराउँदै उपाधि जितेको हो ।

एनआरटीका लागि दुवै गोल हर्ने अडुसेट पोकोले गरे । यस्तै चर्च ब्वाइजका अनन्त तापाङले एक गोल गरे । २५ औं संस्करणको बुढासुब्बा गोल्डकपको विजेता एनआरटीले १० लाख र उपविजेता चर्च ब्वाइजले पाँच लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# भटमास र सूर्यमुखी तेलको निर्यात बढ्यो



**वीरगञ्ज,** माघ २६/वीरगञ्ज नाका हुदैं चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेल विदेशी मुलुकमा निर्यात बढेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा ११ अर्ब ९९ करोड १८ लाखको पाँच करोड ६० लाख ६६ हजार लिटर भटमासको तेल निर्यात भएको छ । गत आवको ६ महिनाको अवधिमा भने तीन करोड ११ लाखको एक लाख एक हजार तीन सय एक लिटर भटमासको प्रशोधित तेल निर्यात भएको थियो । छिमेकी मुलुक भारतमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको निर्यात सहज भएकाले निर्यात उत्साहजनक ढंगले बढेको उनले जानकारी दिए । 'अहिले भारततर्फ प्रशोधित तेलको निर्यातमा क्रमश: सुधार देखिएको छ', सूचना अधिकारी तिवारीले भने । चालु आवको ६ महिनाको अवधिमा भटमासको तेल प्रशोधित मात्रै नभएर सूर्यमुखीको प्रशोधित तेलको निर्यात पनि बढेको छ । चालु आवको ६ महिनाको अवधिमा तीन अर्ब २१ करोड ९१ लाखको दुई करोड २८ लाख ४५ हजार लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । गत आवको सोही अवधिमा भने नौ करोड ९४ लाख १० हजार मूल्य बराबरको सूर्यमुखीको तेल निर्यात भएको कार्यालयले जनाएको छ ।-**रासस**

# सीप सिकेर आयआर्जन गर्दै महिला

**घोराही (दाङ),**माघ २६/यहाँका महिला सीप सिकेर आयआर्जन गर्दै आएका छन् । घोराही उपमहानगरपालिका-१४ स्थित स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्रमा महिला सीप सिकेर स्वरोजगार बन्न थालेका हुन् ।

अहिले यहाँ एकमहिने होजियारी सीपमूलक तालिम सञ्चालन भइरहेको छ । यो तालिम सञ्चालनका लागि उपमहानगरपालिकाले दुई लाख आर्थिक सहयोग गरेको छ । त्यसले गर्दा नि:शुल्क रुपमा सीप सिक्न पाउँदा महिला उत्साहित भएका छन् । आयआर्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले सीप सिक्दै आएको घोराही-१३ की चम्फा चौधरीले बताइन् । उनले भनिन्, 'सीप सिक्छौं, आत्मनिर्भर बन्छौं, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौं ।' यसअघि उनले सुइटर, टोपी, मोजालगायत बुन्न सिकिसकेको बताइन् । विगत एक वर्षदेखि उद्योगमा जोडिएकी उनले 'डिजाइनर' समेत भएर अरूलाई सिकाउन थालेकी छन् । प्रशिक्षण केन्द्रले बेरोजगार महिलालाई स्वरोजगार बनाउनका लागि ऊनबाट बन्ने घर



सजावटका सामग्री, खेलौनालगायत सामग्री बुन्ने सीप प्रदान गरेको छ । केन्द्रमार्फत अन्य समयमा पनि विभिन्न बुनाइसम्बन्धी सीपयुक्त तालिम सञ्चालन भइरहन्छ । ऊनबाट निर्माण हुने विभिन्न प्रकारका डल बुनेर देशबाहिर पठाउने गरेको उनले बताइन् । 'यो सीपले हाम्रो जीवनस्तरमा सुधार ल्याउने आशा गरेका छौं', उनले भनिन्, 'सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा सहयोग पुग्ने आशा गरेका हौं ।' यसअघि चुलोचौको र पानी पँधेरामा सीमित हुने महिलाले सीप सिकेर आयआर्जन गरी आत्मनिर्भरको बाटो रोजेका छन् ।

घोराही-१४ की ३० वर्षीया अनिता डाँगी पनि तालिममा सहभागी भएकी छन् । अघिपछि घरमा त्यसै बस्दा आर्थिकरुपमा कसरी सशक्त हुन सकिन्छ भन्ने मात्रै सोचाइ आउँथ्यो तर अहिले व्यस्त हुँदा कुनै नकारात्मक कुरा सोच्न समय नहुने गरेको उनले बताइन् । उद्योगबाट धेरै कुरा सिक्न पाएको उनको भनाइ छ । फुर्सदको समयलाई सीपमूलक काममा लगाइयो भने जीविकोपार्जनमा सहयोग पुग्ने उनको आशा रहेको छ । महिलालाई आत्मनिर्भर बनाउन स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्रका प्रमुख प्रशिक्षक रचना सुवेदीले सीप सिकाउँदै आएकी छन् । केन्द्रमा हाल १२ महिलाले सीप सिक्दै आएका छन् । प्रशिक्षक सुवेदी सीप सिकेर व्यावसायिक रुपमा अगाडि बढाउन प्रशिक्षार्थीलाई आग्रह गरिन् । सिकेको सीपले बजारमा पाइने रेडिमेडभन्दा हातले बुनेका मोजा, टोपी बलियो र टिकाउ हुने उनको अनुभव छ । 'सुवेदीले सीप सिकेर उत्पादन गरेका वस्तु बिक्रीका लागि जिल्लामा बजारको केही समस्या छ', उनले भनिन्, 'स्थानीय सरकारले यसको बजारीकरणका लागि सहज वातावरण बनाइदिए राम्रो हुन्थ्यो ।' हाल यही समस्या रहेकाले मुख्य कुरा बजारीकरणका लागि हरेक निकायले पहल गरिदिए सहज हुने उनको भनाइ छ ।

साथै आयआर्जन न्यून भएका धेरै महिला सीप सिक्नबाट वञ्चित हुने हुँदा अहिले स्थानीय सरकारको सहयोगमा सीप प्रदान गर्न सहज भएको उनी बताउन्छिन् । कतिपय महिलाले सीप सिक्न आउँदा दैनिक मजदुरी नै छुट्ने समस्या बताउने गरेको प्रशिक्षक सुवेदीको भनाइ छ । प्रशिक्षक सुवेदीले २०६९ सालदेखि प्रशिक्षकको काम गर्दै आएकी छन् । एक महिनासम्म महिलालाई ऊनको धागोबाट विभिन्न प्रकारका खेलौना तथा घर सजावटका सामग्री बुन्न सिकाउने उनको भनाइ छ । तालिमपश्चात् प्रशिक्षार्थीले उत्पादन गरेका सामग्रीलाई आफूले काठमाडौं लगेर बजारीकरण गरिदिने उनी बताउन्छिन् ।-**रासस**

# 'भ्रष्टाचारीहरूलाई कारवाही...

...पार्टी सधै पुष्पकमल दाहाल प्रचण्डको एकल नेतृत्वमा सञ्चालन हुने हो ?, माओवादी अध्यक्ष बन्ने योग्यता भएका कुनै नेता छैनन् र ? बरिष्ठ उपाध्यक्षको हैसियतले के आगामी महाधिवेशनमा तपाई अध्यक्षको दावेदार हो ? भनि पत्रकारले सोधेको प्रश्नको जवाफ दिदै बरिष्ठ उपाध्यक्ष श्रेष्ठले भन्ने "हामी के मान्यता राख्छौ भने, यो पार्टी रुपान्तरण गर्ने हो की होइन, पाटी पुर्नगठन गर्ने हो की होइन, शक्तिशाली पार्टी बनाउने होकी होइन, भन्ने कुरामा मुख्य ध्यान दिन्छौ । अध्यक्षकै नेतृत्वमा पार्टी रुपान्तरण भयो भने त्यही अनुरुप जान्छौ हामीले त्यो सम्भव होस् भन्ने कामना गरेका छौ । यदि भएन भने पार्टीको विधि प्रक्रिया ढंगले जान्छौ । जहाँ सम्म मेरो कुरा हो । पार्टी र जनताले जे जिम्मेवारी दिन्छन् त्यो जिम्मेवारी पुरा गर्ने छु ।' उपाध्यक्ष श्रेष्ठ पार्टीको तानसेन नगर कमिटीको अधिवेशन सम्वोधनको लागि पाल्पा आएका हुन् । प्रेस सेन्टर पाल्पाका अध्यक्ष कृष्ण दर्नालको अध्यक्षता र सचिव कमल अधिकारीको सञ्चालनमा पत्रकार सम्मेलन कार्यक्रम भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/३० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

वर्गिकृत डिस्प्ले
२X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई